फोन नं. ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं. ०८१/८२

च.नं.

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०१**

**विषय: केरा पकेट कार्यक्रम अन्तर्गत आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

फलेवास नगरपालिकाको आ.व. ०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना व्यावसायिक कृषि उत्पादन केन्द्र (नयाँ केरा पकेट विकास कार्यक्रम) अन्तर्गत ५०% अनुदानमा देहायका कार्यक्रमहरू संचालन हुने हुँदा वडा नं ३,४,५,६ र १० का इच्छुक कृषक/कृषि समूह/सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र (२०८१/१२/१० गते भित्र) सम्बन्धित वडा कार्यालयमा तपसिल बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क.स. | कार्यक्रमहरुको विवरण | संख्या | आवेदन पेश गर्ने वडाहरू | कार्यालयको साझेदारी | संचालन गर्नुपर्ने क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३ रोपनी क्षेत्रफलमा केरा खेती विस्तार | २० वटा | वडा ३,४,५,६ र १० | २८,५००- रुपैयाँ मात्र | १५० केराको बिरुवा लगाउनुपर्ने । | बिरुवा किन्ने, खाडल खन्ने, मलखाद व्यवस्थापन, सिंचाई सामाग्रीमा ५०% अनुदानको व्यवस्था । |
| २. | बगान सुदृढीकरण | ३ वटा | वडा ३,४,५,६ र १० | ५० हजार | न्यूनतम १० रोपनी क्षेत्रफलमा केरा खेति गरेको हुनुपर्ने । | मलखाद व्यवस्थापन, भण्डारण क्रेट, सिंचाई सामाग्री, औजार सामग्री, विषादी ईत्यादी |

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. तोकिए बमोजिमको ढाँचामा निवेदन र स्वघोषणा पत्र।
२. अनुसूची-२ बमोजिमको प्रस्तावना फाराम ।
३. कृषकको हकमा नागरिकता र लालपुर्जाको प्रतिलिपि।
४. कार्य समितिको वा फर्म संचालकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
५. सम्बन्धित निकायमा नियमानुसार दर्ता भएका कृषक समूह/कृषि फर्म/कृषि सहकारी संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रतिलिपि, आ.व २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. समूह/सहकारीको हकमा कार्यक्रमको लागी निर्णयको प्रतिलिपि ।
७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

फोन नं. ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.स. ०८१/८२

च.नं.

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

कृष्ण प्रसाद आचार्य

(प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थः

श्री सूचना प्रविधि शाखा, वेवसाइटमा अपलोड गरिदिनु।

श्री केरा पकेट संचालन हुने वडा कार्यालयहरू सूचना कार्यालयमा टाँस गरी कृषकहरुलाई खबर गर्नुहुन।

<u>थप जानकारीको लागिः</u>

(९८४६७९७५००, ९८४६९०९८७१)

(पुनश्चः तोकिए बमोजिमको निवेदन, स्वघोषणा पत्र र अनुसूची-२ बमोजिमको प्रस्तावना फाराम सम्वन्धित वडा कार्यालयहरुमा उपलब्ध हुनेछ।)



CamScanner